सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २९९ ♦ २०८३ साल साउन १ शुक्रवार ♦ 17 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई रिहा गर्न सर्वोच्चको आदेश



**खबर दर्पण समाचारदाता**

**असार ३२ गते, बर्दिवास**

सर्वोच्च अदालतले नेकपा (एमाले) का पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई कारागारबाट तत्काल रिहा गर्न आदेश दिएको छ। बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले कोइरीलाई थुनामा राख्ने आधार कानुनसम्मत नरहेको ठहर गर्दै थुनामुक्त गर्न आदेश जारी गरेको हो।

न्यायाधीशद्वय श्रीकान्त पौडेल र कुमार रेग्मीको संयुक्त इजलासले उक्त आदेश जारी गरेको हो। अदालतले २०८३ असार १९ गते जारी गरिएको कैदी पुर्जी कानुनी प्रक्रियाअनुसार जारी नभएको निष्कर्ष निकाल्दै त्यसकै आधारमा गरिएको थुनालाई कानुनसम्मत मान्न नसकिने उल्लेख गरेको छ।

पूर्वसांसद कोइरी सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विक हत्या प्रकरणमा दोषी ठहर हुनुभएको थियो। उक्त मुद्दामा उच्च अदालत जनकपुरले उहाँलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो। उच्च अदालतको फैसला लगत्तै उहाँलाई पक्राउ गरी महोत्तरीस्थित जलेश्वर कारागार चलान गरिएको थियो।

कारागार चलान भएपछि कोइरीले आफ्नो थुना गैरकानुनी भएको दाबी गर्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गर्नुभएको थियो। सोही रिटमाथिको सुनुवाइपछि सर्वोच्चले कैदी पुर्जी जारी गर्ने प्रक्रियामै कानुनी त्रुटि रहेको निष्कर्ष निकालेको हो।

सर्वोच्च अदालतको यो आदेशसँगै कोइरी जलेश्वर कारागारबाट थुनामुक्त हुनुभएको छ। अदालतको यस आदेशले हत्या मुद्दामा भएको उच्च अदालतको फैसलालाई बदर गरेको नभई, कैदी पुर्जी जारी गर्ने कानुनी प्रक्रियामा भएको त्रुटिका कारण तत्कालको थुना मात्र कानुनसम्मत नरहेको स्पष्ट पारेको छ।

## मधेशमा गठबन्धन सरकारलाई निरन्तरता

**खबर दर्पण समाचारदाता**

**असार ३२ गते, बर्दिवास**



मधेश प्रदेशमा नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सम्मिलित गठबन्धन सरकारलाई निरन्तरता दिने निर्णय गरिएको छ।

तीन दलका संसदीय दलका नेताहरूको संयुक्त बैठकले मुख्यमन्त्री एवं नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा रहेको वर्तमान गठबन्धनलाई यथावत् राख्ने निर्णय गरेको हो। गठबन्धनमा एमाले संसदीय दलका नेता सरोजकुमार यादव र नेकपाका संसदीय दलका नेता तथा अर्थमन्त्री युवराज भट्टराई सहभागी हुनुहुन्थ्यो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै अर्थमन्त्री भट्टराईले अन्य प्रदेशमा कांग्रेस-एमालेबीचको राजनीतिक सहकार्य अन्त्य भए पनि मधेश प्रदेशमा भने वर्तमान राजनीतिक समीकरणलाई निरन्तरता दिने सहमति भएको बताउनुभयो। उहाँले प्रदेशको राजनीतिक स्थायित्वलाई ध्यानमा राख्दै तीन दलबीचको सहकार्यलाई कायम राख्ने निर्णय गरिएको स्पष्ट पार्नुभयो।

उहाँका अनुसार एमाले सरकारबाट बाहिरिए मधेशकेन्द्रित दलहरूको समर्थनमा सरकार टिकाउनुपर्ने अवस्था सिर्जना हुन सक्ने भएकाले वर्तमान गठबन्धनलाई नै निरन्तरता दिने निष्कर्षमा दलहरू पुगेका हुन्।

एमाले संसदीय दलका नेता सरोजकुमार यादवले तीन दलको सहकार्यबाट प्रदेशको बजेट सफलतापूर्वक पारित भएको उल्लेख गर्दै आगामी दिनमा पनि यही सहकार्यलाई निरन्तरता दिँदै अघि बढ्ने बताउनुभयो।

उहाँले अन्य प्रदेशमा बनेका वा परिवर्तन भएका राजनीतिक समीकरणभन्दा मधेश प्रदेशको अवस्था फरक रहेको उल्लेख गर्दै प्रदेशको स्थायित्व, समृद्धि र विकासलाई केन्द्रमा राखेर तीन दल एकताबद्ध भएर अघि बढ्ने निर्णय गरिएको जानकारी दिनुभयो।

नेपाली कांग्रेसका संसदीय दलका नेता तथा मुख्यमन्त्री कृष्णप्रसाद यादवले यहाँको राजनीतिक अवस्था फरक रहेकोले वर्तमान अवस्थाको यही राजनीतिक समीकरणलाई कायम राख्ने सहमति भएको बताउनुभयो ।

## एक सातामै धनुषामा १०४ फरार प्रतिवादी पक्राउ

**खबर दर्पण समाचारदाता**

**असार ३२ गते, जनकपुरधाम**

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका प्रतिवादीविरुद्ध तीव्र अभियान सञ्चालन गर्दै एक साताको अवधिमा १०४ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ। प्रहरीका अनुसार असार २४ गते १० जना, असार २६ गते ५२ जना, असार २९ गते २८ जना तथा असार ३० गते १४ जना गरी कुल १०४ जना फरार प्रतिवादीलाई पक्राउ गरी सम्मानित धनुषा जिल्ला अदालतमा बुझाइएको हो। पक्राउ अभियान जिल्ला प्रहरी कार्यालय धनुषा तथा मातहतका प्रहरी इकाइबाट खटिएका टोलीहरूले सञ्चालन गरेका थिए।

पक्राउ परेका प्रतिवादीहरू चोरी, लागुऔषध, सवारी ज्यान, सवारी अङ्गभङ्ग, कुटपिट, लुटपिट, कुटपिट-लुटपिट, चेक अनादर, बैंकिङ कसुर, लेनदेन बिगो, बोक्सीको आरोप, वन पैदावार ओसारपसार, अवैध गिट्टी-बालुवा ओसारपसार तथा गाली-बेइज्जतीलगायत विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका थिए।

पक्राउ परेकाहरु माथि अदालतले ५ दिनदेखि २ वर्षसम्म कैद तथा विभिन्न रकम बराबरको जरिवाना सजाय तोकेको थियो । केही प्रतिवादीलाई कैद र जरिवाना दुवै सजाय तोकिएको थियो भने केहीलाई जरिवाना मात्र तोकिएको थियो। पक्राउ परेकामध्ये लागूऔषध मुद्दाका प्रतिवादीलाई २ वर्षसम्म कैद र

*बाँकी पृष्ठ ३ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै [illegible]तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# अस्पतालको फोहोर खुला ठाउँमा, संक्रमणको जोखिम बढ्दै

लक्ष्मी चौधरी

**असार ३२ गते, जनकपुरधाम**



जनकपुरधामका विभिन्न सरकारी तथा निजी अस्पतालबाट निस्कने अस्पतालजन्य फोहोरको उचित व्यवस्थापन हुन नसक्दा स्थानीयवासी जोखिममा परेका छन्।

संक्रमित सामग्री, प्रयोग भइसकेका सिरिन्ज, रगत लागेका कपडा, औषधीका अवशेषलगायत जोखिमयुक्त फोहोर खुला स्थानमा फाल्ने तथा सामान्य फोहोरसँग मिसाएर व्यवस्थापन गर्न थालिएपछि जनस्वास्थ्यमा खतरा बढेको हो।

स्थानीय भुलन साहुले अस्पतालजन्य फोहोरबाट आउने दुर्गन्धका कारण त्यस क्षेत्र भएर आवतजावत गर्ने मानिसलाई समेत समस्या हुने गरेको बताउनुभयो। उहाँका अनुसार फोहोर नजिकै बसोबास गर्ने र दैनिक काम गर्ने स्थानीय बढी प्रभावित भएका छन्।

“चराचुरुङ्गी, कुकुर र गाईवस्तुले अस्पतालको फोहोर घिसार्दै बस्ती र खेतबारीसम्म पुऱ्याउने गरेका छन्, जसले संक्रामक रोग फैलिने जोखिम बढाएको छ,” उहाँले भन्नुभयो।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सक डा। दिगविजयकुमार ठाकुरले अस्पतालजन्य फोहोरको अव्यवस्थित व्यवस्थापनले जनस्वास्थ्यमा गम्भीर असर पार्ने बताउनुभयो। वर्षायाममा यस्तो फोहोर पानीसँगै विभिन्न स्थानमा फैलिने भएकाले संक्रमणको जोखिम अझ बढ्ने उहाँको भनाइ छ।



उहाँका अनुसार अस्पतालजन्य फोहोरका कारण दीर्घकालीन फोक्सोसम्बन्धी समस्या, स्क्रब टाइफसलगायत विभिन्न संक्रामक रोग फैलिन सक्ने जोखिम हुन्छ।

“जोखिमयुक्त फोहोर जथाभावी फाल्नु कानुनी र सामाजिक दुवै दृष्टिले गैरजिम्मेवार कार्य हो,” डा. ठाकुरले भन्नुभयो। उहाँले अस्पतालजन्य फोहोरलाई स्रोतबाटै वर्गीकरण गरी सुरक्षित सङ्कलन, ढुवानी र वैज्ञानिक रूपमा अन्तिम व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश संयोजक राजु पासवानले स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको वैज्ञानिक वर्गीकरण, सुरक्षित ढुवानी र अन्तिम व्यवस्थापन कानुनी मापदण्डअनुसार हुन नसकेको बताउनुभयो। यसले सार्वजनिक स्वास्थ्य र वातावरणमा गम्भीर चुनौती सिर्जना गरेको उहाँको भनाइ छ।

जनकपुरधाम उपमहानगर पालिकाका स्वास्थ्य शाखा प्रमुख विजयकुमार साहका अनुसार उपमहानगरपालिकाअन्तर्गत २६ वटा तथा प्रदेश सरकारअन्तर्गत ५० भन्दा बढी स्वास्थ्य संस्था सञ्चालनमा छन्।

उहाँले उपमहानगरपालिकाले वडा नं. १९ मा डम्पिङ साइट स्थापना गरी सामान्य फोहोर व्यवस्थापन गर्दै आए पनि स्वास्थ्य संस्थाबाट निस्कने जोखिमयुक्त फोहोरका लागि छुट्टै वैज्ञानिक व्यवस्थापन प्रणाली आवश्यक रहेको बताउनुभयो।

नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार सुनिश्चित गरेको छ। त्यस्तै, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन निर्देशिका, २०२० ले स्वास्थ्य संस्थाबाट निस्कने जोखिमयुक्त फोहोरको वर्गीकरण, सङ्कलन, भण्डारण, ढुवानी र अन्तिम व्यवस्थापनका स्पष्ट मापदण्ड तोकेका छन्।

तर ती कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको सरोकारवालाको भनाइ छ।

स्थानीयवासीले नियमित अनुगमन, कानुनी मापदण्डको कडाइका साथ कार्यान्वयन तथा अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि प्रभावकारी र वैज्ञानिक प्रणाली तत्काल लागू गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

समयमै उचित व्यवस्थापन नगरिए अस्पतालजन्य फोहोरले वातावरणीय प्रदूषणसँगै जनस्वास्थ्यमा दीर्घकालीन संकट निम्त्याउन सक्ने स्थानीयको भनाइ छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२, ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लब नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# धनुषा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा

**खबर दर्पण समाचारदाता**
**असार ३२ गते, जनकपुरधाम**

धनुषा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणाधनुषा जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा भएको छ ।

जिल्लाका सबै स्थानीय तहले र ाष्ट्रिय मापदण्डअनुसार नियमित खोप कार्यक्रमका सूचकहरू पूरा गरेपछि औपचारिक रूपमा धनुषालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको हो ।

जिल्ला खोप समन्वय समिति धनुषा र स्वास्थ्य कार्यालय धनुषाले आयोजना गरेको घोषणा कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले पूर्ण खोप सुनिश्चितता घोषणा औपचारिक उपलब्धि मात्र नभई बालबालिकाको स्वास्थ्य सुरक्षाप्रतिको राज्यको प्रतिबद्धताको महत्वपूर्ण प्रमाण भएको बताए ।

उनले खोपबाट कुनै पनि बालबालिका वञ्चित नहोस् भन्ने उद्देश्यका साथ स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीचको समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले जिल्लाका १८ वटै स्थानीय तहले खोप कार्यक्रमका निर्धारित सूचक पूरा गरेपछि धनुषालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको जानकारी दिए ।

उनका अनुसार आगामी दिनमा नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै खोप छुटेका बालबालिकाको खोजी, अभिलेख व्यवस्थापन र समुदायस्तरमा जनचेतना अभिवृद्धिलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

घोषणा कार्यक्रममा जिल्ला समन्वय समिति, स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, स्वास्थ्यकर्मी, विकास साझेदार संस्था तथा अन्य सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो ।

सो अवसरमा जिल्लाका १८ वटै स्थानीय तहका स्वास्थ्यकर्मीलाई नियमित खोप कार्यक्रम सफल बनाउन योगदान पुर्‍याएको भन्दै सम्मानसमेत गरिएको थियो ।



# शिक्षकलाई संसदीय अभ्यासबारे अभिमुखीकरण

**खबर दर्पण समाचारदाता**
**असार ३२ गते, जनकपुरधाम**

मधेश प्रदेश सभाको समन्वयमा जनकपुरधाममा संसदीय प्रक्रिया, विधि निर्माण र लोकतान्त्रिक अभ्याससम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा धनुषा, महोत्तरी र सर्लाही जिल्लाका सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरूको सहभागिता रहेको थियो ।

'संसदीय पहुँच प्रवर्द्धन तथा सार्वजनिक सुनुवाइ परियोजना' अन्तर्गत पिपल प्रोमोट सेन्टरको आयोजना तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को संसद सहयोग परियोजनाको सहयोगमा कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा सहभागी शिक्षकहरूलाई संसदीय व्यवस्था, कानुन निर्माण प्रक्रिया, प्रदेश सभाको भूमिका, सार्वजनिक सुनुवाइ, संसदीय समितिको कार्यप्रणाली तथा नागरिक सहभागिताका विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश सभाका सभामुख रामआशिष यादवले लोकतान्त्रिक शासन व्यवस्थालाई प्रभावकारी बनाउन संसदको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै संसदीय अभ्यासबारे विद्यार्थीलाई सही जानकारी दिन शिक्षकहरूको भूमिका अझ महत्वपूर्ण रहेको बताए ।

उनले संसद सञ्चालन, विधेयक निर्माण, जनप्रतिनिधिको जिम्मेवारी र नागरिकको सहभागिताबारे शिक्षकहरूलाई व्यवहारिक जानकारी प्रदान गरिएको बताए ।

पिपल प्रोमोट सेन्टरका अध्यक्ष कमलेशकुमार मण्डलले शिक्षक र विद्यार्थीमा संसदीय अभ्यास तथा लोकतन्त्रप्रतिको बुझाइ अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

पहिलो चरणमा तीन जिल्लाका ३०



जना सामुदायिक विद्यालयका शिक्षकलाई सहभागी गराइएको र आगामी चरणमा विद्यालयस्तरमै शिक्षक तथा विद्यार्थीलाई समेटेर यस्ता कार्यक्रम विस्तार गरिने उनले बताए ।

कार्यक्रममा सहभागी शिक्षकहरूले संसदीय प्रणाली र लोकतान्त्रिक प्रक्रियालाई व्यवहारिक रूपमा बुझ्ने अवसर प्राप्त भएको प्रतिक्रिया दिएका थिए ।

उनीहरूले कक्षाकोठामा विद्यार्थीलाई लोकतान्त्रिक अभ्यासबारे प्रभावकारी रूपमा सिकाउन यस्तो अभिमुखीकरण उपयोगी हुने विश्वास व्यक्त गरे ।

# मधेश प्रदेश : दुई विधेयक प्रमाणीकरण




**खबर दर्पण समाचारदाता**
**असार ३२ गते, बर्दिवास**

मधेश प्रदेश प्रमुख डा. सुरेन्द्रप्रसाद कर्णले आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेश सभाबाट पारित विनियोजन विधेयक र आर्थिक विधेयक प्रमाणीकरण गर्नुभएको छ। विधेयक प्रमाणीकरणसँगै आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन तथा राजस्व व्यवस्थापनको कानुनी प्रक्रिया औपचारिक रूपमा अघि बढ्ने भएको छ।

प्रदेश प्रमुखको कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिअनुसार नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम 'आर्थिक वर्ष २०८३/८४ को सेवा तथा कार्य सञ्चालनका लागि मधेश प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८३' तथा 'मधेश प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८३' प्रमाणीकरण गरिएको हो।

प्रदेश सभाले पारित गरी प्रमाणीकरणका लागि पठाएका दुवै विधेयक प्रदेश प्रमुखबाट असार ३२ गते प्रमाणीकरण भएका हुन्।

विधेयक प्रमाणीकरण भएसँगै मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत बजेट कार्यान्वयन, प्रदेश सञ्चित कोषबाट बजेट खर्च, राजस्व संकलन तथा करसम्बन्धी व्यवस्थाहरू कानुनी रूपमा लागू गर्न सक्ने भएको छ।

प्रदेश सरकारका लागि यी दुवै विधेयक बजेट कार्यान्वयनका आधारभूत कानुनी दस्तावेज मानिन्छन्। विनियोजन विधेयकले विभिन्न मन्त्रालय तथा निकायका लागि स्वीकृत बजेट खर्च गर्ने कानुनी अधिकार प्रदान गर्छ भने आर्थिक विधेयकले कर , शुल्क तथा राजस्वसम्बन्धी प्रस्तावहरू कार्यान्वयन गर्ने कानुनी आधार सुनिश्चित गर्छ।

# एक सातामै धनुषामा....

एक लाख रुपियाँसम्म जरिवाना, चोरी, कुटपिट, बैंकिङ कसुर, चेक अनादर, वन पैदावार ओसारपसार तथा अन्य मुद्दाका प्रतिवादीलाई अदालतको फैसला अनुसार फरक-फरक कैद तथा जरिवाना सजाय तोकिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ।

धनुषा प्रहरीले अदालतबाट सजाय तोकिएर फरार रहेका व्यक्तिलाई कानुनी दायरामा ल्याउने अभियान आगामी दिनमा पनि थप प्रभावकारी रूपमा सञ्चालन गरिने जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्दै फरार प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तर अघि बढाइएको र यसले कानुनी शासनको कार्यान्वयनमा महत्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो ।

# मधेश मिडिया काउन्सिल सदस्य नियुक्ति

## विज्ञापनविरुद्ध सर्वोच्चमा रिट




**खबर दर्पण समाचारदाता**
**असार ३२ गते, जनकपुरधाम**

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गतको मिडिया काउन्सिल सदस्य नियुक्तिका लागि प्रकाशित विज्ञापनविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

अधिवक्ता रक्कीप्रसाद साहले गृह, सञ्चार तथा कानुन मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाउँदै रिट दायर गर्नुभएको हो।

रिटमा प्रदेश सञ्चारसम्बन्धी ऐनमा मिडिया काउन्सिल सदस्यको उमेर र शैक्षिक योग्यतासम्बन्धी व्यवस्था नरहेको उल्लेख गरिएको छ। तर मन्त्रालयले असार २३ गते प्रकाशित गरेको विज्ञापनमा ३५ वर्ष पूरा भई ६० वर्ष ननाघेको तथा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको योग्यता अनिवार्य राखिएकाले उक्त विज्ञापन कानुनविपरीत भएको दावी गरिएको छ। सर्वोच्च अदालतमा बुधबार दर्ता भएको उक्त रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइका लागि बिहीबार पेशी तोकिएको छ।

# धनुषाधामको संरक्षित वन क्षेत्रबाट अतिक्रमित घरटहरा हटाइयो

**खबर दर्पण समाचारदाता**

**असार ३२ गते, जनकपुरधाम**



धनुषाको धनुषाधामस्थित संरक्षित वन क्षेत्रको अतिक्रमण गरी निर्माण गरिएका घरटहरा तथा व्यापारिक संरचना हटाइएको छ। डिभिजन वन कार्यालय धनुषाले बिहीबार वन क्षेत्र अतिक्रमण गरी बनाइएका संरचना खाली गराउँदै सरकारी स्वामित्वको जग्गा संरक्षण अभियानलाई अघि बढाएको हो।

डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहका अनुसार धनुषाधाम र मालटोल क्षेत्रमा वनको जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा खाली गराइएको हो।

उहाँले धनुषाधामस्थित संरक्षित वन क्षेत्रको जमिनमा स्थानीयवासीले वर्षौंदेखि घरटहरा निर्माण गरी होटल तथा विभिन्न प्रकारका पसल सञ्चालन गर्दै आएको बताउनुभयो। अतिक्रमण हटाउन पटक-पटक सूचना जारी गरिए पनि अटेर गरेपछि वन रक्षक टोली परिचालन गरी घरटहरा खाली गराइएको उहाँको भनाइ छ।

डिभिजनल वन प्रमुख सिंहले खाली गराइएको वन क्षेत्रमा पुनः अतिक्रमण हुन नदिन तारबार गरिने र वृक्षरोपणसमेत गरिने जानकारी दिनुभयो। उहाँका अनुसार वन क्षेत्रको संरक्षण, जैविक विविधताको संवर्द्धन तथा सरकारी सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिइनेछ।

वन कार्यालयले संरक्षित वन क्षेत्र अतिक्रमण नगर्न तथा सरकारी जग्गाको संरक्षणमा सहयोग गर्न स्थानीयवासीसँग आग्रह गरेको छ।

# बलवाका वडाध्यक्षसहित पाँच जनाविरुद्ध ज्यान मार्ने उद्योगको मुद्दा दर्ता

**धवेन्द्रकुमार यादव**

**असार ३२ गते, बर्दिवास**



महोत्तरीको बलवा नगरपालिका-६ का वडाध्यक्ष वैद्यनाथ झासहित पाँच जनाविरुद्ध ज्यान मार्ने उद्योगको कसुरमा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा मुद्दा दर्ता गरिएको छ।

स्थानीय ३६ वर्षीय इन्जिनियर हुसनैन अन्सारीमाथि ज्यान लिने मनसायका साथ आक्रमण गरी गम्भीर घाइते बनाएको आरोपमा उनका दाजु ३९ वर्षीय नुरैन अन्सारीले प्रहरीमा जाहेरी दिएका हुन्।प्रहरीका अनुसार संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरअन्तर्गत बलवा बजार देखि रौजा बजार हुँदै पडौंलसम्म निर्माणाधीन हुलाकी सडक आयोजनाको ४१२ मिटर आरसीसी ढलान भइरहेको क्रममा देवनामा क्षेत्रमा विवाद उत्पन्न भएपछि अन्सारीमाथि आक्रमण भएको थियो।

आक्रमणबाट अन्सारीको हातको औँला काटिएको तथा शरीरका विभिन्न भागमा चोट लागेको परिवारले जनाएको छ। घटनापछि पीडित पक्षले न्यायको माग गर्दै प्रहरीमा जाहेरी दिएपछि मुद्दा दर्ता गरिएको हो।उक्त मुद्दामा वडाध्यक्ष वैद्यनाथ झासहित बलवा नगरपालिका-६ निवासी ५६ वर्षीय श्याम यादव, ३२ वर्षीय मञ्जेश यादव तथा वडा नं. ५ निवासी ४० वर्षीय राजु यादव र ३५ वर्षीय बलराम यादवलाई प्रतिवादी बनाइएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक (एसपी) श्यामकुमार सारू मगरले घटनासम्बन्धी ज्यान मार्ने उद्योगको मुद्दा दर्ता भइसकेको र कानुनबमोजिम आवश्यक अनुसन्धान तथा प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो।

## हकप्रद शेयर निष्कासन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०४/०१

यस कम्पनीको मिति २०८३/०१/१३ गते सम्पन्न विशेष साधारण सभाबाट कम्पनीको चुक्ता पूँजीको १०.८३७९ प्रतिशतले हुन आउने ७,४३,१३९ कित्ता हकप्रद शेयर जारी गर्ने निर्णय भएको र सोही निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०८३/०३/३२ गते बसेको सञ्चालक समितिको बैठकबाट मिति २०८३/०३/३२ सम्म कायम रहेका शेयरधनीहरूलाई निजहरूले धारण गरेको शेयर संख्याको अनुपातमा प्रति शेयर रू. १०० का दरले ७,४३,१३९ कित्ता हकप्रद शेयर जारी गर्ने निर्णय गरिएको हुँदा सम्बन्धित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यो सूचना प्रकाशित गरिएको छ। हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला यही मिति २०८३/०४/१७ देखि शुरू भई ३५ दिन भित्र बन्द हुने हुँदा आफ्नो हकको शेयर बराबर सम्मको रकम यस कम्पनीको खाता रहेको ग्लोवल आई. एम. ई. बैंक लि. को खाता नं. ०१८०१०१०१३२०७ मा जम्मा गरी सोको जम्मा भौचर कम्पनीको कार्यालयमा बुझाइदिनुहुन अनुरोध गरिन्छ। उल्लिखित निर्धारित समयावधिभित्र शेयरधनी महानुभावहरूले हकप्रद शेयरबापतको रकम जम्मा नगरेमा वा आफ्नो हकप्रद शेयर खरिद गर्ने हक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण नगरेमा कम्पनी ऐन, २०६३ को दफा ५६ (११) बमोजिम त्यस्ता हकप्रद शेयरहरूको सम्बन्धमा सञ्चालक समितिले आवश्यक व्यवस्था गरी अन्य व्यक्ति/कम्पनीलाई बिक्री वितरण गर्न सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सञ्चालक समितिको अज्ञाले
कम्पनी सचिव

पुनश्चः अन्य आवश्यक जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय चितवन जि., भ.म.न.पा. वडा नं. ३ वा फोन नं. ०५६-४९३२३९ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

सधै र सबैको लागि खबर खोज्ने अभियान
खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक
तपाईहरु संग कुनै गजल.कविता छ भने,फोटो सहित कमेन्ट गर्नुहोस् ,तपाईको गजल. कविता भोलीको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा शनिबार प्रकाशित हुनेछ ।
नोट : कृपया अगाडि हप्ता पर्ने साथीहरू नपठाउनुहोला ।
*अनि बेलुकाको ६ बजे भित्र सम्म प्राप्त भएको गजल.कविता मात्र लिनेछौ ।
*स्कूलका छात्र.छात्रालाई विशेष प्राथमिकता दिनेछ ।
थप जानकारीको लागि
अजय कुमार साह,धर्वेन्द्र कुमार यादव"यदुवन्शी"
(९८०७६७५१२५,९८४४०२५१८४,९८५४०२९०५३,९८०७८५०५८१)

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,